# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १ मितिः २०७५/०७/११

## भाग -२

## रामपुर नगरपालिकाको
## युवा स्वारोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५

**प्रस्तावना :**

देशका कर्णधार साथै बिकासका साझेदार, सकारात्मक बिकास र परिवर्तनका संबाहक युवाहरुलाई सृजनशील, सीपयुक्त, उद्यम एवं रचनात्मक ढंगले काम गर्न सक्ने जिम्मेवारी नागरिकको रुपमा बिकसित हुने अवसर सृजना गरिदिने स्थानीय तहको दायित्व हो | सन्तुलित एवं दिगो बिकास कार्यक्रमलाई अगाडी बढाउन उत्पादनाशील श्रम, सामाजिक, आर्थिक, सास्कृतिक एवं सहभागिताको बिकास गर्नका निमित्त बेरोजगार तथा अवसरको खोजीमा रहेका युवा बर्गलाई प्रत्यक्ष फाइदा पुग्ने गरि आयमुलक कार्य गरि आयआर्जन बृद्दी गर्न रोजगारी, स्वरोजगारी, उद्यमशिलता र सामाजिक विकासलाई प्रोत्साहित गर्दै जिबनयापनमा सहजता ल्याउन जोड दिने ध्येयले नगरपालिका लक्षित मार्फत युवा स्वरोजगार कोष खडा गरि युवा स्वरोजगार प्रवर्द्धन कार्यक्रमका लागि स्वरोजगार कार्यविधि-२०७५ तयार गरिएको छ |

## परिच्छेद -१

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१. यस कार्यविधिको नाम रामपुर नगरपालिका, युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि-२०७५ रहनेछ |

१.२. यस कार्यविधि नगरपालिकाको कार्यपालिका बैठकबाट पारित भएपछी तुरुन्त प्रारम्भ हुनेछ |

१.३. यस कार्यविधिमा उल्लेख भएका कार्यनीति, नियम, सर्त, सुबिधा अबस्थालाई नगरपालिका र यस अन्तर्गत सलग्न हुने कर्मचारी ब्यबस्थापक, सम्बन्धित पक्षले कडाइ साथ पालना गर्नु पर्नेछ |

## परिच्छेद २

### २. ध्येय, मूल उद्देश्य, लक्ष्य

२.१. ध्येय

नगरपालिकाका स्थायी नगरबासी सिपबिहिन युवा बर्गलाई सीपयुक्त बनाई ब्यबसायिक रुपमा कार्य गरि आयमुलक आर्थिक क्रियाकलाप प्रबर्दन गर्दै स्वरोजगार मुक्त र आत्मनिर्भर गराउने |

२.२. मूल उद्देश्यहरु

आर्थिक, सामाजिक तथा संस्कृतिक रुपले पछाडी परेको वा पारीको तथा बन्जितिकरणमा परेका कुनै पनि अवसर नपाएका आयआर्जन गर्न नसकेको अति न्युन आयस्तर बहेका वा आय आर्जन गर्न कुनै उपाय नपाएका नभएका युवा (महिला/पुरुष) लाइ कुनै न कुनै प्रकारको स्वरोजगारमुखी काम गरि ब्यबसायिक रुपमा उद्यम ब्यबसाय गर्न प्रोत्साहित गर्दै आय आर्जन बृद्दी गरि जिबिकोपार्जनलाइ सहज बनाउन सहयोग पुर्याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ | कार्यक्रमका बिशेष उद्देश्यहरु देहाय बमोजिम रहेको छन् |

क) उद्यमशिलता बिकास गर्दै रोजगार, स्वरोजगारको अवसर सिर्जना गर्दै आयमुलक कार्य गर्न अवसर प्रदान गर्ने |

ख) प्रभाबकारी उपलब्धि हासिल गर्न ब्यबसायिक सीपयुक्त तालिम ब्यबस्था गर्ने |

ग) ब्यबसायिक कार्य गरि उत्पाकत्व बढाई आय क्षेत्र बिस्तार गर्न अनुदान उपलब्ध गराउने |

घ) परम्परागत सीपमा आधारित उत्पादन, बजारीकरण प्रबर्द्धन गर्नका लागि आवश्यक सहयोग पुर्याउने |

ङ) स्थानिय स्रोत साधन, कच्चा पदार्थमा आधारित उद्यम ब्यबसाय गर्न प्रोत्साहित गरि पेशागत बिकास गर्न आवश्यक कर्जा उपलब्ध गरुन सहजीकरण गर्ने |

## ३. रणनीतिक उद्धेश्यहरु

३.१. युवाहरुमा प्रभाबकारी उत्पादनमुलक ब्यबसायिक कार्य गरि परिणाममुखी आय मुलक कार्य गरि प्रबर्द्धन गर्न विभिन्न तालिम प्रदायक संघ संस्था निकायसंग साझेदारी तथा समन्वय गरि सिपमुलक ब्यबसायिक उद्यमशिल तालिम दिने ।

३.२. परम्परागत सिप भएका जातजाति, जनजातिका पेसाब्यबसाय प्रबर्द्धन गर्न ब्यबसायिक बनाउन आवश्यक कर्जामा अनुदानको ब्यबस्था गरि ब्यबसाय प्रबर्द्धनमा टेवा पुर्याउने ।

३.३. व्यबसायिक खेति, पशुपंक्षी पालन, कृषि तथा पशुपंक्षीजन्य उत्पादन उद्यम, वन वनस्पति जन्य उत्पादन, माछा, मौरीपालन, बेत बाँस उत्पादन, घर बास (home stay), सेवामुलक पेशा ब्यबसाय प्रबर्द्धनका लागि तालिम, परामर्श तथा आवश्यक सहयोग पुर्याउने ।

३.४. युबाहरुको उद्यम व्यवसायमा बृद्दि गर्ने सहयोग पुर्याउनका लागि स्थानीय सहकारी संस्था ,वित्तीय संस्था, लघुवित्तीय संस्था, बैंकबाट प्रबाह हुने ऋण कर्जामा उपलब्धिको आंकलन गरि उत्पादनशील क्षेत्रमा लगाउन शुलभ ऋण कर्जा लगानी गर्न सहजीकरण गर्ने ।

३.५. सहकारी, गैर सरकारी, सामुदायिक बिकास संघ संस्था संग समन्वय गरि युवा लक्षित उत्पादनमुखी, बजारीकरणको लागि समन्वयात्मक कार्यहरु गर्ने ।

४. **युबा स्वरोजगार कार्यक्रमका बिशेषता** : यस कार्यक्रमबाट सीप,क्षमता,योग्यता भएका तर उद्यम, ब्यापार ब्यबसाय गरि आयमुलक कार्य गरि आय आर्जन गर्न नसकेका विशेष गरि विपन्नतामा रहेका विभिन्न कारणले बिकास क्रमबाट पछाडी परेका वा पारिएका २१ वर्ष देखि ५० वर्ष सम्ममा युबा बर्गलाई स्थानीय बैंक, वित्तीय संस्था, सहकारी मार्फत ऋण कर्जा उपलब्ध गराउन मध्यस्तताको भमिका निर्बाह गर्ने ।

४.१. युवाहरुलाई विभिन्न संघसंस्थाहरु मार्फत र नगरपालिकाको लगानी मार्फत उद्धमशिलता बिकास गर्न व्यवसायिक तालिम प्रदान गर्ने ।

४.२. सिप, क्षमता, दक्षताका आधारमा कुनै पनि पेशा व्यवसाय दिगो रुपमा ( कम्तिमा ५ वर्ष) को लक्ष्य राखी बिस्तृत योजना सहित कार्य गर्ने प्रतिबद्दता गरि योजना शुरु गरेमा अल्पकालीन , मध्यकालीन र दिर्घकालिन योजनाका लागि रु १ लाख देखि २० लाख सम्मको योजनामा १०० % सम्म कार्यक्रम मार्फत ब्याज उपलब्ध गराउने छ ।

४.३. उक्त व्याज अनुदान बैंक तथा वित्तीय संस्थासंग ऋण भुक्तानी गर्न सम्झौता गरे अनुसार हुनेछ वा अधिकतम २ वर्ष सम्मको ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ ।

४.४. युवा उद्यम तथा उद्यम बाट उत्पादित बस्तुको बजारिकरणका लागि बजार ब्यबस्था गर्न, हाटबजारको व्यवस्था , प्रचार प्रसारको लागि संचारमाध्यम मार्फत प्रचार प्रसार गरिने ।

४.५. अधिकतम २० लाखसम्म ऋण कर्जा लिएको युवा ब्यबसायिका लागि ब्याज प्रदान गर्न सकिने छ।

## परिच्छेद ३

**५. युवा स्वरोजगार कार्यक्रम संचालन समिति** यस रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम सम्बन्धि कार्यविधि तथा नर्म्स निर्माण गर्न, कार्यक्रम संचालन प्रक्रिया अगाडि बढाउन, महत्वपूर्ण निर्णय गर्न, कार्यविधि अस्पस्ट भएमा ब्याख्या गर्न, वा कार्यपालिकामा प्रस्ताव पेश गर्न देहाय बमोजीमका व्यक्तिहरु सहितको एक युवा स्वरोजगार कार्यक्रम संचालन समिति रहनेछ ।

संयोजक- नगर प्रमुख १ जना

सदस्य- प्रमुख प्रशासकीय अधिकृत १ जना

सदस्य- आर्थिक बिकास समिति संयोजक १ जना

सदस्य- नगरपालिकाले तोकेको कार्यपालिका सदस्य १ जना

सदस्य- पशुसेवा शाखाका प्रमुख वा तोकिएका व्यक्ति १ जना

सदस्य सचिव - कृषि शाखा प्रमुख १ जना

**६. युवा स्वरोजगार कार्यक्रम अनुगमन तथा मुल्यांकन समिति**

६.१. युवा स्वरोजगार कोष मार्फत ब्याज अनुदान प्राप्त गर्ने युवा स्वरोजगार लाभाग्राहिले पेश गरेकोविवरण अनुसार कार्य गरे नगरेको, ब्यवसायिक सद्पयोगीताको नियमित अनुगमन गरिनेछ र मुल्यांकन आधारमा योजनाको हद तोकिनेछ ।

६.२. युवा स्वरोजगार कार्यक्रम कार्यविधि २०७५ अनसार कार्यक्रम अनुगमन तथा मूल्यांकन गर्न ।तपशिल अनुसारको युवा स्वरोजगार कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति रहने छ।

संयोजक- नगर प्रमुख वा नगर प्रमुखले तोकेको १ जना सदस्य

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- आर्थिक विकास समिति संयोजक

सदस्य- पशु सेवा शाखा प्रमुख

सदस्य सचिव- कृषि शाखा प्रमुख

६.३. युवा स्वरोजगार कार्यक्रम संचालन समिति र युवा स्वरोजगार कार्यक्रम अनुगमन तथा मुल्यांकन समितिले आबस्यकता अनुसार सरोकारवाला व्यक्ति, प्राबिधिक, कर्मचारी र जनप्रतिनिधिहरुलाई आमन्त्रण गर्न सक्नेछ |

६.४. युवा स्वरोजगार कार्यक्रम संचालन समिति र युवा स्वरोजगार कार्यक्रम अनुगमन तथा मुल्यांकन समितिको बैठक तथा अनुगमनमा उपस्थित हुने पदाधिकारीहरुले नगरपालिकाको नियमानुसार भत्ता पाउनेछन |

## परिच्छेद ४

७. **युवा ब्यबसाय कार्यक्रमहरु :** सबै युवा वर्ग जो कुनै पनि अवसर प्राप्त गर्न नसकी आयमुलक कार्य गर्न बन्चित रहेको , आर्थिक रुपमा विपन्नतामा रहेका, क्षमता र प्रतिभाको बिकास गर्न नपाएका युवाहरुका लागि नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम अन्तर्गत निम्न अनुसार कार्यक्रमहरुमा सहभागी गराउने अनरुप कार्यक्रमहरु रहेछन ।

७.१. **व्यवसायको मापदण्ड :** नमुना व्यवसाय संचालन गर्न इच्छुक युवाले व्यवसाय संचालन गर्न व्यवसायिक योजना प्रस्ताव गर्नु पर्नेछ | प्रस्ताब उपयुक्त र आयमुलक स्वरोजगार मुलक वा रोजगार दिन सक्ने भएमा प्रस्ताव गरि आवश्यक सीप विकास तथा व्यवसायिक क्षमता विकास तालिम उपलब्ध गराईनेछ ।संचालन गर्न सक्ने देहायका व्यवसायहरुमा आवश्यक तालिम, परामर्श दिई व्यवसायिक दक्षता बृद्दि गर्न सकिनेछ।

क) सामुहिक रुपमा (कम्तिमा १० जना) व्यवसाय गर्ने प्रस्तावनालाई प्रथामिकता दिइनेछ ।

ख) नयाँ व्यवसाय वा यहि आ.व. २०७५/७६ देखि नै सुरु गर्दै गरेको व्यवसाय लाई प्राथमिकता दिईनेछ।

ग) कुनै व्यक्तिगत फार्म वा समुहले गर्दै आएको व्यबसायमा पूर्ण मापदण्डमा थप वा नया ब्यबसाय संचालन गर्नेले मात्र आवेदन दिन पाउनेछन |

घ) तरकारी खेति, फलफुल खेति वा नर्सरी स्थापना वा नविन कृषि प्रविधिको हकमा व्यक्तिगत कम्तिमा २ रोपनी जग्गामा एकै खेति वा सामूहिक रुपमा कम्तिमा १० रोपनीमा खेति गर्नु पर्नेछ ।

ङ) कुखुरापालन : व्यक्तिगत कम्तिमा ५०० कुखुरा र सामुहिक कम्तिमा ३००० कुखुरा (लेयर्स -२०००) पाल्ने योजना सहित कुखुरा अट्ने भौतिक संरचना भएको वा सोहि संरचना बन्ने जग्गा हुनुपर्नेछ ।

च) माछा पोखरिको हकमा व्यक्तिगत २ रोपनी र सामुहिक १० रोपनीमा हालसालै निर्माण भएको वा निर्माण गर्न सक्ने जग्गा हुनु पर्नेछ।

छ) बाखापालानको हकमा व्यक्तिगत १० माउ र सामुहिक १०० वटा बाखा पालन गर्न पर्नेछ।

ज) मौरीपालनको लागि व्यक्तिगत २० घार र सामुहिक १०० घार हुनु पर्नेछ ।

झ) च्याउ खेतीमा व्यक्तिगत ३ डुमहाउस र सामुहिक १० डुमहाउस हुनु पर्नेछ ।

ञ) बंगुर पालनमा व्यक्तिगत ५ माउ र सामुहिक २५ माउ हुनु पर्नेछ।

ट) गाई भैसीमा व्यक्तिगत ५ माउ सामुहिक २० माउ हुनु पर्नेछ ।

ठ) माथि उल्लेखित संख्या /क्षेत्रफलको आधारमा संरचना बनेको वा बनाउने प्रस्तावना हुनुपर्नेछ ।

ड) नयाँ व्यवसाय सुरु गर्न चाहानेले सूचनाको अन्तिम म्याद भन्दा ५ दिन पछि सम्ममा ब्यबसाय दर्ता प्रमाण पत्र बनाई पेश गर्नुपर्नेछ ।

कार्यक्रममा सहभागी हुन पाउने व्यक्ति २१ बर्ष पुरा भइ ५० बर्ष सम्मका बैदेशिक रोजगार बाट फर्की घरमै बस्ने निधो गरेको तथा आय आर्जनका संलग्न भएका नेपाली नागरिकहरु यस कार्यक्रममा सहभागी हुन सक्ने छन् ।उद्धमीले निबेदन पेश गर्दा **अनुसूची १(क)** अनुसारको ढाचामा प्रस्तावना सहित यस कार्यालयमा निबेदन पेश गर्नुपर्ने छ ।

७.२. **तालिम सम्बन्धि व्यवस्था** : कुनै निकाय तथा संघ संस्था बाट कम्तिमा १०० घण्टा सिपमुलक तालिम लिएको वा बैदेशिक रोजगारमा रहदा वा देश भित्रै काम गर्दा सिप आर्जन गरेका क्षेत्रको अनुभवका प्रमाण पत्रलाई प्राथमिकता दिइनेछ। कुनै तालिम वा सिप आर्जन नगरेको युवाका लागि उपयुक्त हेरी उचित तालिम वा सिप आर्जनको अवसर उपलब्ध गराइनेछ। तर परम्परागत सिप भएका व्यक्तिले गर्ने व्यवसायको लागि भने तालिमको प्रमाण–पत्र आवश्यक पर्ने छैन ।

## ७.३. ऋण कर्जा लिने प्रावधान र धितो सम्बन्धि प्रावधान

क) कुनै पनि व्यबसाय गर्न चाहने युवाले आफुले गर्न चाहेको ब्यबसायको प्रस्ताब र कार्ययोजना तोकिएको ढाँचामा पेश गर्नु पर्नेछ।

ख) उक्त प्रस्तावको आधारमा व्यवसायिक कार्य गर्न तत्परता इच्छा हुनु पर्दछ।

ग) शक्ति भएको प्रयाप्त सम्भाव्यता भएको पेशा व्यवसायको ब्यबसायी सम्बन्धित बैंक, वित्तीय सस्था, सहकारी संघ संस्थामा उक्त संस्थाका प्राबधान पुरा गरि ऋण कर्जा प्रप्ता गर्न सिफारिस गर्न सकिनेछ।

घ) बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाको नियमानुसार राखिने धितो सुरक्षणका प्रावधानहरु व्यक्ति स्वयम पुरा गर्नु पर्नेछ। वित्तीय व्यवस्थापन तथा कोष व्यवस्था नगरपालिकाको युवा स्वरोजगार कार्यक्रमका लागि यस क्षेत्रमा उपयोगी हुने गरि यवा स्वरोजगार कोषको व्यवस्थापन गरिनेछ ।उक्त कोष नगरपालिकाको कार्यपालिकाको निर्णय अनुसार हुनेछ । यस कोषबाट लक्षित युवा वर्गको व्यवसाय संचालन, स्वरोजगार तथा दिगो रुपमा आयमलक क्षेत्रमा काम गर्ने युवाको व्यवसायिकता प्रवर्द्धन गर्न युवालाई व्यवसायिक सिपमुलक तालिम उपलब्ध गराउन एवं उपयुक्तको आधारमा सोहि बमोजिम तोकिएका क्षेत्रमा उपलब्ध र परिणाम आउने क्षेत्रमा र उक्त प्रकारका कार्यक्रम संचालन गर्न उपयोग गरिनेछ ।

ङ) ब्याज अनुदान आर्थिक अनुदान सिमा र तालिम तथा सिप आर्जन अनुदान युवा स्वरोजगार कार्यक्रम अन्तर्गत सहभागी हुने वा लाभान्वित हुने युवाको व्यवसाय संचालन पुंजी जतिसुकै भए पनि यस कोषबाट देहाय अनुसारका व्याज अनुदान र व्यबसाय अनुदान उपलब्ध गराउन सकिनेछ। स्थानीय स्रोत साधन, कच्चा पदार्थ र सिपमुलक ब्यबसायिक परियोजना कुनै ऋण कर्जा नलिई संचालन गरेमा उक्त प्रकारका परियोजना तथा व्यवसायिक उद्यमशिलताका लागि व्यवसाय प्रवर्धन गर्न देहाय अनुसार अनुदान उपलब्ध गराउने छ।

च) यस भन्दा अगाडी निर्दिष्ट गरिएका क्षेत्रमा युवा स्वयले कुनै बैंक तथा वित्तीय संस्था बाट वा व्यक्ति संग ऋण/कर्जा नलिई आफ्नै सीपका आधारमा आफै स्वयंले बिगतमा लिएका तालिमका आधारमा तालिम लिई व्यवसायिक काम गरी आयमुलक कार्य गरेका युवालाइ नमुनाको रुपमा प्रस्तुत गरी परियोजना अनुदानका लागि छनोट गर्न सकिनेछ।

- रु २ लाख सम्म लगानी गरेका व्यवसायिकहरुका लागि रु २० हजार सम्म अनुदान दिन सकिनेछ ।
- रु ४ लाख सम्म स्वयम लगानी गरि गरेको लाई रु ५०००० सम्म अनुदान दिन सकिनेछ |
- युवा उद्धमीले कुनै व्यवसाय गर्न चाहेमा कृषि शाखा मार्फत माथि तोकिएको नगद वा कृषि सामग्री, मल तथा बिउ बिजन, बिरुवा वा अन्य कृषि औजार समेत उपलब्ध गराउन सकिनेछ |

७.४. **तालिम तथा सिप आर्जन सम्बन्धित ब्यबस्था :** कुनै पनि बेरोजगार युवाले सिपमुलक तालिम लिई ब्यबसायिक कार्य गर्न स्वयम उत्प्रेरित भइ प्रस्ताब गरेमा निम्न अनुसार तालिमका लागि अनुदान उपलब्ध गरुन सकिनेछ |

क) १० जना भन्दा बढी युवाहरु संलग्न भइ एकै प्रकृति सिपमिलक तालिम लिई ब्यबसाय संचालन गर्न चाहेमा आवश्यकता अनुसारको ब्यबस्था गरिनेछ |

ख) दिर्घकालिन व्यवसायका लागि ब्यबसाय र मागका आधारमा १ हप्ता देखि ३ माहिना सम्म वा सो भन्दा लामो एअधिको सिप आर्जन युक्त ब्यबसायिक तालिम प्रदान गर्न सकिनेछ |

ग) नगरपालिकाबाट अनुदान उपलब्ध गराउनका लागि सिफारिस गरिएका वा उद्यमी ब्याज अनुदानका लागि छनोट हुने युवा ब्यबसायिकको लागि एक वा दुई दिन सम्मको अभिमुखीकरण र अनुशिक्षण तालिम प्रदान गरिनेछ |

## परिच्छेद ५

८. **युवा स्वरोजगार ताहा रोजगारीमूलक आय आर्जन व्यवसायका लागि छनोट र सिफारिस प्रक्रिया :** नगरपालिका भित्र बसोबास गर्ने २१-५० बर्ष सम्मका कुनै पनि प्रकारको आयमुलक कार्य गर्न अवसर नपाएको, स्थानीय निकाय वा स्रोत बाट विभेद, बेरोजगार भइ कुनै पनि नियमित तलब भत्ता वा मासिक रुपमा तलब नपाउने गरि खालि अवस्थामा रहेका, बार्षिक रुपमा रु. ६०००० भन्दा कम आम्दानी भएको युवा समूह यस कार्यक्रमका लागि प्राथमिकतामा पर्नेछ |

### ८.१. कर्जा तथा व्याज अनुदान भुक्तानी प्रक्रिया

क) ऋणको लागि प्रस्तावना पेश गर्ने व्यक्ति वा समहले यसै रामपर न.पा. भित्र सेवा प्रवा गरिरहेका बैंक मार्फत बढीमा २० लाख कर्जा लिन सक्नेछन् ।

ख) युवा स्वरोजगार संचालन समितिले प्राप्त प्रस्ताबहरु बाट परिच्छेद ४ को १.१को व्यवसायको मापदण्ड अनुसार प्रारम्भिक छनोट गर्नेछ ।

ग) प्रारम्भिक छनोट भएका प्रस्तावहरुको अध्ययन गरि नगरपलिकाको युवा स्वरोजगार कार्यक्रमको बजेटले पुग्ने गरि पुन समितिले प्रस्तावित रकम हेरफेर गरि अन्तिम अनुदान दिन सक्ने रकमको नामावली सहित प्रकाशन गर्नेछ ।

घ) सोहि नामावलीको आधारमा रहि ऋण लिन चाहाने प्रस्ताबकहरुले आफुलाई पायक पर्ने रामपुर स्थित बैंकहरुसंग धितो मुल्यांकन गराउन सक्नेछन र सोहि विवरण नगरपालिका कार्यालयमा पेश गर्नेछन ।

ङ) सोहि आधारमा रहि रामपुर नगरपालिकाले छनोट भएका प्रस्तावकहरुसंग सम्झौता गर्ने छ | प्रस्तावकले ऋण लिएको रकमको किस्ता र ब्याज बैंक वा वित्तीय संस्थाको नियम अनुसार सोहि बैंक वा वित्तीय संस्थामा बुझाउनु पर्नेछ र सोहि ब्याज रकम हरेक ३-३ महिनामा यस रामपुर नगरपालिका कार्यालयसंग **अनुसूची १(ख)** बमोजिमको ढांचामा निबेदन पेश गरि भुक्तानी माग्न सक्नेछन ।

च) प्रस्ताबकले गरेको सम्झौताका आधारमा तोकिएको रकमको ब्याज अनुदान नगरपालिका कार्यालयले प्रदान गर्नेछ । तर सम्बन्धित वित्तीय संस्थालाई ब्याज बुझाएको प्रमाणको आधारमा प्रस्ताबकले नगरपालिका कार्यालय संग शोधभर्ना भुक्तानी माग्न पाउनेछ ।ब्याज दर नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार हुनेछ ।

छ) २-३ लाख सम्म ऋणको प्रस्ताब गर्ने प्रस्ताबकले सहकारीहरु मार्फत पनि ऋण लिन सक्नेछन तर ब्याज अनुदान भने नेपाल राष्ट्र बैंकको व्याजदर अनुसार हुनेछ ।

ज) छनोट भएका उद्यमीले नियमित रुपमा बैंकलाई ब्याज नतिरेमा बैंकको नियम अनुसार लाग्ने हर्जना उद्यमी स्वयम् ले तिर्नु पर्नेछ ।

झ) स्थानीय निकाय वा अन्य सरकारी निकाय बाट सोहि कार्यको लागि अनदान पाइएमा नगरपालिका कार्यालयले ब्याज अनुदान दिनेछैन | राष्ट बैंकले अनुदान दिएमा सोहि बराबरको व्याज अनुदान नगरपालिका बाट कट्टा गरिनेछ |

ञ) कृषकहरुले पहिलानै कृषि कर्जा लिई ब्यबसाय संचालन गरेको भएमा यस नगरपालिकाको युवा स्वरोजगार समितिले छनौट गरेको र तोकेको ब्याज अनुदान दिन सकिने रकम नै पहिला लिएको कर्जा रकमलाई मान्यता दिन सकिने छ तर कृषकले प्रस्तावना अनुसार व्यवसायमा थप गरि कृषि ब्यबसाय संचालन गर्नु पर्ने छ ।

ट) कर्जाको किस्ता बैंकको नियमानुसार २० बर्ष सम्ममा फिर्ता गर्ने गरि छनौट भएका युवा उद्धमीहरुले ऋण लिन सक्नेछन । युवा उद्धमीले कर्जाको किस्ता तथा ब्याज बैंकको नियमानुसार स्वयम् तिर्नुपर्नेछ ।

ठ) रामपुर स्थित बैंकहरुले युवा उद्धमीको धितो मुल्यांकन गरि रामपुर नगर कार्यपालिकाको कार्यालयमा पेश गरिसकेपछि युवा स्वरोजगार कार्यक्रम संचालन समितिले अनुगमन पश्चात स्वीकृत गर्नेछ।

ड) स्वीकृत उद्धमी र रामपुर नगरपालिका बीच **अनुसूची ३** बमोजिमको सम्झौता भए पश्चातको २ बर्ष सम्मको ब्याज अनुदान नगरपालिकाले युवा उद्धमीलाइ उपलब्ध गराइनेछ । साथै युवा उद्धमिले **अनुसूची २** बमोजिमको फाराम भरि सोहि अनुसारको कार्य गर्नुपर्नेछ ।

ढ) युवा स्वरोजगार कार्यक्रम संचालन समितिको निर्णयानुसार कुनै साझेदारी संस्था मार्फत युवा स्वरोजगार कार्यक्रम संचालन गर्न सकिनेछ।

८.२. **युवा स्वरोजगार प्रबर्द्धन कार्यक्रम अन्तर्गत बिमा सम्बन्धि ब्यबस्था :** युवा तथा साना ब्यबसायीले नगरपालिका बाट ब्याज अनुदान पाउने गरि ब्यबसाय संचालन गर्न बैंक तथा वित्तीय व्यवसायमा पर्न सक्ने सम्भावित संकट वा संस्था बाट ऋण कर्जा लिएको हकमा जोखिमको न्यूनीकरणका लागि नेपाल सरकार बाट बिमा गर्न इजाजत प्राप्त संस्था कम्पनि मार्फत स्वयम् ब्यबशायिले बिमा गराउनु पर्नेछ ।कुनै पनि युवा तथा साना ब्यबसायीले जुन ब्यबसायको लागि कर्जा लिएको छ, सो ब्यबसाय भबितब्य तथा दुर्घटना हुन गइ हानी नोक्सानी भएमा सो को जोखिम वा संकटमा नियमानुसार कम्पनि वा संस्थाले गर्दछ । यस बाट बैंक, वित्तीय संस्था, सहकारी संस्थाले बिमित ऋण भएमा हानी नोक्सानीको आर्थिक भार व्यहोर्नु पर्दैन । ब्यबसाय स्वयमले बिमा गर्दा ब्यबसायको कुल लगानीको वा सम्बन्धित नियाले बिमा गर्न योग्य भनि तोकिर बमोजिमको मात्र बिमा गर्नुपर्ने हुन्छ ।

### ८.३. ऋण कर्जा दुरुपयोग गर्नेलाई कारबाही

क) जुन उदेश्य वा प्रयोजनका लागि ऋण कर्जा लिई ब्याज अनुदानका लागि सिफारिस भएको हो उक्त कार्य नगरी ऋणको दुरुपयोग गरेको कर्जा समयमा भुक्तानी नगरेको वा खराब प्रकृतिको कार्यमा लगानी गरेको पाइएमा नगरपालिका बाट प्राप्त हुने सबै सुबिधा बाट बन्जित गर्न सकिनेछ ।

ख) बैंकको नियमित किस्ता नबुझाएमा स्वयम ब्यबसायीले नगरपालिकाबाट प्राप्त सहयोग ब्याज अनुदान बन्द गरिनेछ ।

## परिच्छेद ६

### ९. व्यवसायिक आचार सहिता

युवा स्वरोजगार कार्यक्रम अन्तर्गत ब्याज अनुदान तथा ब्यबसायिक अनुदान सुबिधा प्राप्त गर्ने लाभग्राही सदस्यले स्वरोजगारको आधिकार भित्र रही ब्यबसायी आचार संहिता पूर्णता पालना गर्नुपर्नेछ ।

### १०. प्रतिबेदन

स्वरोजगार योजनाबाट संचालित स्वरोजगार कार्यक्रमको प्रतिबेदन अनुगमन मुल्यांकन समितिले नगरपालिकामा आर्थिक बर्ष समाप्त भएको ६० दिन भित्र बुझाइ सक्नुपर्नेछ । यस्तो प्रतिबेदाब तयार गर्दा लाभग्राही वा लाभान्वित पक्षको स्पस्ट विवरण, उपलब्धि, सुझाब र सिफारिस अनिवार्य समाबेश भएको हुनुपर्नेछ ।

### ११. व्याख्या र शंसोधन

११.१ यस कार्यविधिमा उल्लेख भएका दफा र बुँदाहरुमा कुनै कुरा अस्पस्ट वा दोहोरो अर्थ लाग्ने भए नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम समितिले व्याख्या गरि निष्कर्ष निकाल्न सक्नेछ र उक्त निष्कर्षलाई अन्तिम निर्णय मानिनेछ ।

११.२ यस कार्यविधिमा उल्लेख भएका बुंदाहरु मध्ये कुनै बुँदा वा वाक्यांश प्रचलित एन कानुन नियमहरुमा बाझिन गएमा हदसम्म स्वतः निस्क्रिय हुनेछन । कार्यविधिको कुनै दफा वा बुँदा थपघट वा संशोधन गर्नुपर्ने भएमा युवा स्वरोजगार कार्यक्रम समितिले आवश्यकता र औचित्यको आधारमा थपघट वा संशोधन गरि अध्यावधिक गर्नसक्ने छ ।

# अनुसूची -१(क)
## युवा स्वरोजगार निबेदन फारम

बिषय : युवा स्वरोजगार कार्यक्रममा सहभागी हुन पाँउ ।

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु ,
रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा

महोदय,

प्रस्तुत बिषयमा यस कार्यालयको मिति................................को सूचना बमोजिम म/हामी रामपुर न.पा. वार्ड न.......मा बस्ने .....................................फार्म वा समुहले ब्यबसायिक खेति/पशुपालन गर्नको लागि यस रामपुर नगर कार्यपालिकाको युवा स्वरोजगार कार्यक्रममा सहभागी भई .....................................ब्यबसाय संचालन गर्ने मनसाय रहेको हुँदा सोहि कार्यक्रममा छनोट गरिदिनुहुन तपशिल अनुसारको कागजात र रु ११०।- को राजस्व रसिद सहित यो निबेदन पेश गरेको छु/छौ ।

**तपशिल :**

१. वडा कार्यालयको सिफारिस
२. जग्गा धनि लालपुर्जाको प्रतिलिपि
३. फार्म वा समूह दर्ताको प्रमाणपत्रको प्रतिलिपि
४. प्रस्तावना
५. समूह /सहकारीको हकमा निर्णयको प्रतिलिपि
६. नागरिता प्रमाणपत्रको प्रतिलिपि

**निवेदक**

नाम :
कृषक समूह / सहकारी / फर्मको नाम :
हस्ताक्षर :
छाप :

## अनुसूची -१(ख)
## युवा स्वरोजगार अन्तर्गत ब्याज अनुदान सोधभर्ना सम्बन्धी निबेदन

बिषय : सोधभर्ना रकम पाँउ भन्ने बारे ।

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु ,
रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा

महोदय,

प्रस्तुत बिषयमा म/हामी रामपुर न.पा. वार्ड न.......मा बस्ने .....................................फार्म वा समुहले ब्यबसायिक खेति/पशुपालन गर्नको लागि यस रामपुर नगर कार्यपालिकाको युवा स्वरोजगार कार्यक्रममा मिति ..............गते सम्झौता भईसकेको र सोहि अनुसार ब्यबसाय संचालन गर्दै आएकोले मिति ............. देखि रु...................रामपुर स्थित ................................बैंक/ वित्तीय संस्थाबाट यस रामपुर नगरपालिका बाट स्वीकृत कर्जा रकम रु.....................लिएको र ...........................................महिनाको ब्याज रकम रु..................बैंकमा बुझाइसकेको हुँदा तहा कार्यालय बाट सोधभर्ना रकम पाँउ भनि यो निबेदन पेश गर्दछु ।

**आवस्यक कागजातहरु**
सम्झौतापत्रको प्रतिलिपि
वित्तीय संस्थाको ब्याज तिरेको स्टेटमेन्ट
फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
नागरिकता प्रमाणपत्रको प्रतिलिपि

**निवेदक**

नाम :
कृषक समूह / सहकारी / फर्मको नाम :
हस्ताक्षर :
छाप :

## अनुसूची- २
## युवा स्वरोजगार कार्यक्रमको फारम

१. युवा उद्यमीको नाम थर :

२. कृषक समूह/सहकारी/कृषि वा पशु फार्मको नाम :

३. नगरपालिकाबाट स्वीकृत रकमः

४. ब्यबसायको किसिमः कृषि/पशुपालन

५. कृषि भएमा

क) तपाईले खेति गर्दै आएको वा गर्ने बाली के हो ?...............................

ख) आ.व २०७५/७६ भन्दा पहिला वा प्रस्ताब पेश गर्नु पूर्व खेति गरेको क्षेत्रफ़ल :

ग) कार्यक्रममा छनोट पश्चात खेति गरेको वा गर्ने क्षेत्रफ़ल :

६. पशुपालन भएमा

क) तपाईले संचालन गरेको वा गर्दै आएको पशुपालन ब्यबसाय के हो ?

१) भैसीपालन २) बाख्रापालन ३) कुखुरापालन ४) बंगुरपालन ५) अन्य ................

ख) आ.व २०७५/७६ भन्दा पहिला वा प्रस्ताब पेश गर्नु पूर्व पशुपालन गरेको भए सो को संख्या : ..................

ग) कार्यक्रममा छनोट पश्चात पशुपालन गरेको वा गर्ने संख्या :

घ) कार्यक्रम लागु हुनु भन्दा पहिले निर्माण भएको संरचनाको नाम र संख्या ...................

ङ) कार्यक्रममा छनोट पश्चात निर्माण भएको वा गर्ने संरचनाको नाम र संख्या ...................

७. माथि उल्लेखित विवरण अनुसारको ब्यबसाय संचालन गर्न मन्जुर छु | साथै सोहि अनुसार ब्यबसाय संचालन गर्न नसकेमा वा असमर्थ भएमा नगरपालिकाको ब्याज अनुदान नपाउने नियम प्रति म पूर्ण रुपमा समर्थन जनाउछु |

युवा उद्धमी/कृषकको नामः
सहि :

फार्म/समुहको नामः
छाप :

# अनुसूची ३

मिति :

## सम्झौता पत्र ।

यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पाको **युवा स्वरोजगार कार्यक्रमको** लागि तपशिल अनुसारका शर्तहरुको अधिनमा रही यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पा (पछी पहिलो पक्ष भनिएको) र रामपुर नगरपालिका वार्ड न. .......... बस्ने श्री ..................................................................(पछी दोश्रो पक्ष भनिएको) बिच यो सम्झौता पत्र तयार गरि हस्ताक्षर गरी एक एक प्रति लियौ दियौ |

**तपशिलः**

१. कार्यक्रमको नामः **युवा स्वरोजगार कार्यक्रम**

२. स्वीकृत रकम रु........................:

३. सम्झौता अवधि........................ सम्झौता मिति ..............................

४. सम्झौता मान्य रहने अवधि : सम्झौता भएको २ वर्ष सम्म

५. सम्झौताका सर्तहरुः

क) दुवै पक्ष यस सम्झौताका सर्तहरु पूर्णरुपले पालना गर्नेछन |

ख) दोस्रो पक्षले अनुसूची २ बमोजिमको फारम भरी सोहि अनुसारको कार्य गर्नु पर्नेछ |

ग) दोस्रो पक्षले यस कार्यालयमा पेश गरेको प्रस्तावना आधारमा व्यवसाय संचालन गर्नुपर्नेछ |

घ) दोस्रो पक्षले व्यवसाय थप वा नया व्यवसाय सुरु गर्दा युवा स्वरोजगार कार्यविधि -२०७५ को व्यवसाय मापदण्ड अपनाउनु पर्नेछ | नया व्यवसाय सुरु गर्ने युवा उद्यमीले मापदण्ड अनुसार व्यवसाय संचालन गर्नुपर्नेछ | पुराना व्यवसायीले भने मापदण्ड अनुसारको कृषि जन्य संख्या, भौतिक संरचना वा क्षेत्रफ़ल थप/वृद्धि गर्नु पर्नेछ |

ङ) युवा स्वरोजगार समितिले स्वीकृत गरेको रकमको ब्याज र किस्ता रकम दोस्रो पक्षले बैंकको नियमानुसार बुझाउनु पर्नेछ ।

च) यो सम्झौता भएको मिति पश्चात हरेक ३-३ महिनामा तोकिएको रकमको ब्याज बैंकमा बुझाएको रकमको बैंक स्टेटमेन्ट तथा अनुसूची १(ख) पेश गरि दोश्रो पक्ष सोधभर्ना भुक्तानी माग्न आउन सक्नेछन ।

छ) दोस्रो पक्षले ब्याज अनुदान सम्बन्धी होडिङ्ग बोर्ड बनाइ व्यवसाय संचालन स्थानमा राख्नुपर्नेछ ।

ज) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन अनुसार हुनेछ ।

**दोश्रो पक्ष (युवा उद्यमीको) तर्फबाट**

हस्ताक्षर :

नाम :

छाप :

सम्पर्क न.

**पहिलो पक्ष (रामपुर नगर कार्यपालिकाको कार्यालय) को तर्फबाट**

दस्तखत :

नाम :

पद :

**साक्षीहरु :**

| **कृषि शाखाको तर्फबाट** | **पशु शाखाको तर्फबाट** | **लेखा शाखाको तर्फबाट** | **प्रशासन शाखाको तर्फबाट** |
|---|---|---|---|
| **नामः** | **नामः** | **नामः** | **नामः** |
| **पदः** | **पदः** | **पदः** | **पदः** |
| **दस्तखतः** | **दस्तखत :** | **दस्तखतः** | **दस्तखतः** |

*प्रमाणीकरण मितिः- २०७५/०७/११*
*संशोधन मितिः- २०७८/०६/१७*

**आज्ञाले,**

**(ज्ञानराज कोइराला)**

**प्रमुख प्रशासकीय अधिकृत**